काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : २०८ | सोमवार, २८ वैशाख, २०८३ | Monday, 11 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

काम गर्ने मौसममै रोकिए सडक आयोजना

विशेषगरी पश्चिम एसियामा जारी इरान–इजरायल तनावपछि अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दा त्यसको प्रत्यक्ष असर कर्णालीका पूर्वाधार आयोजनामा परेको देखिएको छ ।



काँक्रेविहार संवाददाता

सुर्खेत, २७ वैशाख

कर्णाली प्रदेशमा निर्माणाधीन सडक आयोजनाहरू अहिले गम्भीर संकटमा परेका छन् । कालोपत्रेका लागि आवश्यक पर्ने बिटुमिन (अलकत्रा) अभाव, पेट्रोलियम पदार्थको मूल्यवृद्धि तथा निर्माण सामग्रीको चर्को महँगीका कारण प्रदेशभरका ठूला तथा साना सडक आयोजना प्रभावित बनेका हुन् । विशेषगरी पश्चिम एसियामा जारी इरान-इजरायल तनावपछि अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दा त्यसको प्रत्यक्ष असर कर्णालीका पूर्वाधार आयोजनामा परेको देखिएको छ ।

मदन भण्डारी राजमार्ग अन्तर्गत पश्चिम सुर्खेतको बङ्डीचौर-खम्बागाडे सडक खण्ड अहिले प्रभावित हुने प्रमुख आयोजनामध्ये एक हो । करिब १३.९ किलोमिटर लामो यो सडक २०७९ साउनदेखि निर्माण सुरु भएको थियो । २०८१ असारमै सम्पन्न गर्ने लक्ष्य राखिए पनि निर्माणले गति लिन नसक्दा आयोजनाको म्याद आगामी असारसम्म थप गरिएको छ । पछिल्लो तिहारपछि मात्रै निर्माण कार्य केही तीव्र बनेको थियो । तर कालोपत्रेका लागि आवश्यक बिटुमिन नपाएपछि अहिले पुनः काम प्रभावित भएको छ ।

निर्माण कम्पनी अनक कन्स्ट्रक्सनका प्रतिनिधि शंकर रावतका अनुसार सडकको ग्राभेल, नाला तथा अन्य संरचनाको काम भइरहे पनि मुख्य कालोपत्रे कार्य सुरु हुन सकेको छैन । करिब ४२ करोड ४७ लाख रुपैयाँ लागत रहेको उक्त आयोजनामा हालसम्म करिब ४० प्रतिशत मात्रै भौतिक प्रगति भएको जनाइएको छ ।

यस्तै, वीरेन्द्रनगरको मुलपानी-रानीघाट सडक पनि प्रभावित बनेको छ । पूर्वाधार विकास निर्देशनालय सुर्खेतका इन्जिनियर प्रेमचन्द्र पाण्डेका अनुसार हालसम्म १.६ किलोमिटर सडक मात्रै कालोपत्रे भएको छ । असारसम्म कम्तीमा सात किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य भए पनि बिटुमिन अभाव र पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण काम रोकिएको उनले बताए ।

प्रदेश सरकारका मात्र होइन, केन्द्र सरकार मातहत सञ्चालन भइरहेका मदन भण्डारी राजमार्ग, कर्णाली राजमार्ग, भेरी करिडोर तथा कर्णाली करिडोरजस्ता महत्त्वपूर्ण सडक आयोजनाहरू पनि प्रभावित भएका छन् । सडक डिभिजन कार्यालय सुर्खेतका सूचना अधिकारी रुपेश केसीका अनुसार छिन्चु-जाजरकोट सडक खण्डमा यसै आर्थिक वर्षभित्र २० किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य थियो । तर आवश्यक सामग्री अभावका कारण अधिकांश काम रोकिएको छ । निर्माण कम्पनीहरूले आफूसँग मौज्दात रहेको बिटुमिन प्रयोग गरेर सीमित काम गरिरहेको भए पनि नयाँ खरिद गरेर काम अघि बढाउन सकिएको छैन । पूर्वाधार विकास निर्देशनालयका इन्जिनियर पाण्डेका अनुसार कतिपय आयोजनामा भुक्तानी समस्या पनि थप चुनौती बनेको छ । उनका अनुसार निर्माण सामग्रीको मूल्य अप्रत्याशित रूपमा बढ्दा निर्माण व्यवसायी आर्थिक दबाबमा परेका छन् । यसले चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएका आयोजनाहरू समयमै सकिने सम्भावना कमजोर बनेको छ ।

कर्णाली प्रदेश सरकारले यस वर्ष १६१ किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य राखेको थियो । तर चैत मसान्तसम्म जम्मा ५३ किलोमिटर मात्रै कालोपत्रे भएको छ । बाँकी काम तीन महिनाभित्र सम्पन्न गर्नुपर्ने भए पनि वर्तमान अवस्थाले त्यो सम्भव नदेखिएको सरकारी अधिकारीहरू बताउँछन् । यस्तै, ग्राभेल सडक, माटे सडक, पुल तथा भवन निर्माणका अन्य लक्ष्यहरू पनि प्रभावित भएका छन् ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका प्रवक्ता रमेश सुवेदीका अनुसार इन्धन र बिटुमिनको मूल्य मात्रै बढेको छैन, बढेको मूल्यमा पनि सामग्री उपलब्ध हुन छाडेको छ । यसले विशेषगरी कालोपत्रे हुने सडक आयोजनामा गम्भीर असर परेको उनले बताए । मन्त्रालयका अनुसार यस वर्षको अधिकांश आयोजना सम्पन्न गर्न म्याद थप गर्नुपर्ने अवस्था देखिएको छ ।

प्रदेश सरकारको पुँजीगत खर्चको अवस्था पनि कमजोर देखिएको छ । चालु आर्थिक वर्षका लागि प्रदेशसँग करिब २० अर्ब रुपैयाँ पुँजीगत बजेट भए पनि चैत मसान्तसम्म जम्मा १७ प्रतिशत मात्रै खर्च भएको छ । पूर्वाधार क्षेत्रमै ठूलो बजेट रहेकाले सडक आयोजना प्रभावित हुँदा समग्र विकास खर्चमा असर परेको हो ।

निर्माण व्यवसायी महासंघ कर्णाली प्रदेशका महासचिव मानव बमले फागुनपछि निर्माण सामग्रीको मूल्य अत्यधिक बढेको बताए । उनका अनुसार डिजेल, मट्टितेल र बिटुमिनको मूल्य दोब्बरजस्तै पुगेको छ । तर बढेको मूल्यमा पनि सामग्री सहज रूपमा उपलब्ध हुन सकेको छैन । उनले अहिलेको अवस्थाले निर्माण उद्योग नै ठप्प हुने खतरा रहेको बताए ।

महासंघले सरकारसँग सबै आयोजनाको म्याद थप, बैंक ग्यारेन्टी तथा बीमा अवधिमा सहुलियत र क्षतिपूर्तिको व्यवस्था गर्न माग गरेको छ । निर्माण व्यवसायीहरूको भनाइमा अहिलेको संकट उनीहरूको नियन्त्रण बाहिरको परिस्थिति भएकाले सरकारबाट विशेष सहजीकरण आवश्यक छ ।

कर्णालीमा सडक पूर्वाधार निर्माण लामो समयदेखि विकासको प्रमुख आधार मानिँदै आएको छ । तर अन्तर्राष्ट्रिय परिस्थितिको प्रभावले अहिले प्रदेशका अधिकांश आयोजना प्रभावित बनेपछि विकासको गति सुस्ताएको छ । यदि आवश्यक निर्माण सामग्रीको आपूर्ति छिट्टै सहज हुन सकेन भने प्रदेश सरकार र केन्द्र सरकार दुवैका महत्वाकांक्षी सडक योजनाहरू थप लम्बिने निश्चित देखिएको छ ।

आजदेखि बजेट अधिवेशन

सरकारको नीति कार्यक्रम प्रस्तुत हुने



काँक्रेविहार संवाददाता

काठमाडौं, २७ वैशाख

संघीय संसद्को बजेट अधिवेशन आज (सोमबार) देखि प्रारम्भ हुँदैछ । आज नै सरकारको नीति कार्यक्रम पनि प्रस्तुत हुने भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई आज सम्बोधन गर्ने कार्यक्रम रहेको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए ।

गिरीका अनुसार नेपालको संविधानको धारा ९५ अनुसार राष्ट्रपतिले अपराह्न ४:०० बजे सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने छन् ।

उक्त धारामा प्रतिनिधिसभाको निर्वाचन भएपछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि राष्ट्रपतिले दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने प्रावधान छ ।

राष्ट्रपति पौडेलबाट नीति तथा कार्यक्रम प्रस्तुत हुने संयुक्त बैठकमा अपराह्न ३ :४५ बजे अगावै उपस्थित हुन प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्यलाई संसद् सचिवालयले अनुरोध गरेको छ । त्यसअघि अपराह्न २:०० बजे प्रतिनिधिसभा र राष्ट्रियसभाका बैठक हुने छन् ।

संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाको बैठकमा राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्रबारे जानकारी दिने, मन्त्रिपरिषद्को हेरफेरसम्बन्धी राष्ट्रपतिको कार्यालयबाट प्राप्त सूचनाबारे सदनलाई अवगत गराउने सम्भावित कार्यसूची छ ।

त्यसैगरी, सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने सदस्यहरूको मनोनयन, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम २६० बमोजिम जारी भएको बाधा अड्काउ फुकाउ अनुमोदनका लागि पेस हुने, प्रतिनिधिसभा नियमावलीको मस्यौदा पेस हुनेलगायत कार्यसूचीको छ ।

यसैगरी, सरकारबाट जारी भएका 'सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३', 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३', 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) पहिलो संशोधन अध्यादेश, २०८३' लगायत ८ अध्यादेश पेस गर्ने कार्यसूची रहेको संसद सचिवालयले जनाएको छ । राष्ट्रियसभाको बैठकमा पनि ती अध्यादेशहरू पेस हुनेछन् ।

प्रदेश सुशासन केन्द्र सार्ने तयारीको विरोधमा



काँक्रेविहार संवाददाता

बाँके, २७ वैशाख

नेपालगन्ज १४ महेन्द्रनगरमा सञ्चालन हुँदै आएको प्रदेश सुशासन केन्द्रलाई दाङ सार्ने तयारी भएको भन्दै बाँकेका नागरिक अगुवाहरूले विरोध जनाएका छन् ।

पर्याप्त पूर्वाधार र संरचना हुँदाहुँदै केन्द्र स्थानान्तरण गर्न खोजिएको भन्दै उनीहरूले निर्णय फिर्ता लिन प्रदेश सरकारसँग माग गरेका हुन् ।

मुख्यमन्त्री कार्यालय अन्तर्गत रहेको उक्त केन्द्रलाई लुम्बिनी प्रदेश सरकारले दाङ सार्ने तयारी गरेको सूचना पाएपछि नेपालगन्जमा आयोजित नागरिक अगुवाहरूको बैठकले त्यसको विरोध गर्ने निर्णय गरेको हो ।

गैरसरकारी संस्था महासङ्घ नेपालका केन्द्रीय सचिव नमस्कार शाहका अनुसार प्रदेश सरकारले केन्द्र सञ्चालनका लागि करोडौँ रुपैयाँ खर्च गरेर भवन तथा हल पुनःनिर्माण गरिसकेको अवस्थामा अचानक केन्द्र सार्ने तयारी गरिएको जानकारी पाएपछि स्थानीयस्तरमा असन्तुष्टि बढेको हो ।

बैठकले वैशाख २८ गते बृहत् छलफल आयोजना गरी केन्द्र स्थानान्तरणको विरोध गर्ने तथा निर्णय नगर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको जनाएको छ ।

छलफलमा लुम्बिनी प्रदेशसभा सदस्य वादशाह कुर्मी, उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधि, कानुन व्यवसायी, नागरिक समाजका अगुवा, विद्यार्थी नेता तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सहभागीहरूले पर्याप्त संरचना हुँदाहुँदै नेपालगन्जबाट केन्द्र सार्न खोज्नु गलत भएको भन्दै सरकारले नेपालगन्जलाई उपेक्षा नगर्न चेतावनी दिएका छन् ।

२०७६ सालमा संघीय सरकारले स्थानीय विकास प्रशिक्षण केन्द्र अन्तर्गतका प्रशिक्षण केन्द्रहरू सम्बन्धित प्रदेश सरकारलाई हस्तान्तरण गरेपछि नेपालगन्जको महेन्द्रनगर स्थित ग्रामीण प्रशिक्षण केन्द्रमा प्रदेश सुशासन केन्द्र सञ्चालन हुँदै आएको छ ।

पहिलो पटक गाउँमा गाडी पुग्दा नागरिकमा उत्साह

काँक्रेविहार संवाददाता

दार्चुला, २७ वैशाख

दुर्गम दार्चुलाको दुम्लिङ गाउँमा पहिलो पटक गाडी पुगेको छ । दार्चुला-तिङ्कर सडक अन्तर्गत तुषारपानी-कोठेधार-तिङ्कर सडक निर्माण गरिरहेको नेपाली सेनाले सडक स्तरोन्नति गरेपछि व्यास गाउँपालिका दुई दुम्लिङसम्म गाडी सञ्चालन गर्न सफल भएको हो । दार्चुला-तिङ्कर सडक आयोजनाका आयोजना प्रमुख एवं प्रमुख सेनानी राजेश कट्वालका अनुसार तुषारपानी देखि दुम्लिङसम्मको १.४ किलोमिटर सडक स्तरोन्नति गरेपछि गाउँसम्म सवारीसाधन पुऱ्याइएको हो । शनिबार स्थानीय जनप्रतिनिधि र सरोकारवालाको उपस्थितिमा तुषारपानी देखि दुम्लिङसम्मको १२ किलोमिटर सडकमा गाडी गुडाएर उद्घाटन गरिएको उनले जानकारी दिए गाउँमा पहिलो पटक गाडी पुगेपछि स्थानीयवासीले नेपाली सेना, जनप्रतिनिधि र गाडीलाई



फूलमालाले स्वागत गरेका छन् । साथै सडक नियमित सञ्चालन गर्न मागसमेत गरेका छन् ।

स्थानीय कौशिला बुढाथोकीले गाउँमा सडक र गाडी पुगेपछि लामो समयदेखिको कठिन जीवन केही सहज भएको बताए । अर्का स्थानीय ह्यात बुढाथोकीले विगतमा भारतीय बाटो प्रयोग गर्नुपर्ने बाध्यता हटेको भन्दै खुसी व्यक्त गरे मल्लो दुम्लिङकी पूर्णिमा बुढाथोकीले दैनिक उपभोग्य सामग्री तथा निर्माण सामग्री ढुवानी गर्न अब सहज हुने बताए तुषारपानीदेखि तिङ्करसम्मको कुल ७९ किलोमिटर सडकअन्तर्गत गत आर्थिक वर्ष २०८१/८२ सम्म २२.१५ किलोमिटर ट्र्याक खोलिएको नेपाली सेनाले जनाएको छ । आव २०७७/७८ देखि निर्माण सुरु भएको यस सडक आयोजनामा हालसम्म तीन अर्ब ७४ करोड रुपैयाँ खर्च भइसकेको छ । चालु आर्थिक वर्षमा सरकारले सडक निर्माण, मेसिनरी उपकरण खरिद तथा संरचना निर्माणका लागि बजेट विनियोजन गरेपछि निर्माण कार्यले गति लिएको हो । अतिरिक्त बजेट व्यवस्थापनपछि नेपाली सेनाले दुम्लिङसम्म गाडी पुऱ्याउन सफल भएको जनाएको छ । नेपाली सेनाले चालु आवमा छाङ्रु क्षेत्रतर्फ थप एक किलोमिटर नयाँ ट्र्याकसमेत खोलेको आयोजना कार्यालयले जनाएको छ ।

कर्णालीमा कांग्रेसको भेला, शीर्ष नेताहरूले सम्बोधन गर्ने

काँक्रेविहार संवाददाता

वीरेन्द्रनगर, २७ वैशाख

यसअघि स्थगित भएको नेपाली कांग्रेसको प्रदेशस्तरीय भेला सोमबारदेखि हुने भएको छ । प्रदेश राजधानी वीरेन्द्रनगरमा हुने उक्त भेला सोमबार र मङ्गलबार गरी दुई दिनसम्म सञ्चालन हुनेछ ।

विशेष महाधिवेशनपछि कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा प्रदेश तथा स्थानीय तह केन्द्रित भेला गर्न लागिएको हो ।

भेलालाई कांग्रेस सभापति गगनकुमार थापा, उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री प्रदीप पौडेल लगायतका शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यतालिका छ ।

भेलाले आगामी राजनीतिक कार्यदिशा, निर्वाचन समीक्षा तथा सुशासनका सवालमा केन्द्रित रहने जनाइएको छ ।

भेलामा कर्णाली प्रदेशबाट पार्टीको केन्द्रीय कार्यसमितिमा प्रतिनिधित्व गर्ने सम्पूर्ण केन्द्रीय सदस्य, प्रदेश कार्यसमितिका पदाधिकारी, १० वटै जिल्लाका सभापति, प्रतिनिधिसभा सदस्य, प्रदेश सरकारका मन्त्री, प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख-उपप्रमुख तथा गाउँपालिका अध्यक्ष-उपाध्यक्षहरूको सहभागिता रहने बताइएको छ ।

प्रतिष्ठानका सदस्य प्रकाश लामिछानेले भेलामा गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनको वस्तुनिष्ठ समीक्षा, सङ्गठनात्मक कमजोरीको पहिचान तथा पार्टीभित्रको अनुशासन र आन्तरिक एकतालाई सुदृढ बनाउने उद्देश्यमा केन्द्रित हुने बताए ।

साथै, प्रदेश तथा स्थानीय तहका सरकारले अपनाउनुपर्ने नीति, कार्यक्रम र जनमुखी विकास मोडेलबारे विस्तृत छलफल हुने उनको भनाइ छ । दुई दिने छलफलपछि 'सुर्खेत घोषणापत्र' जारी गर्दै कर्णालीको विकास, समृद्धि र सुशासनबारे पार्टीको आधिकारिक धारणा सार्वजनिक गरिने तयारी गरिएको छ ।

कांग्रेसले भेलालाई कर्णाली केन्द्रित राजनीतिक, सङ्गठनात्मक तथा विकास रणनीति निर्माणको महत्त्वपूर्ण अवसरका रूपमा लिएको बताइएको छ ।

सम्पादकीय

अवसरको संघारमा वीरेन्द्रनगर

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरले आफ्नो स्थापनाको ५० वर्ष पूरा गरेको अवसर केवल उत्सव मनाउने क्षण मात्र होइन, विगतको समीक्षा गर्दै भविष्यको दिशा तय गर्ने महत्वपूर्ण अवसर पनि हो । एउटा सानो नगर पञ्चायतबाट सुरू भएको वीरेन्द्रनगर आज कर्णालीकै प्रशासनिक, शैक्षिक, आर्थिक र राजनीतिक केन्द्रका रूपमा स्थापित हुनु आफैंमा उल्लेखनीय उपलब्धि हो ।

स्थापना दिवसका अवसरमा नगरपालिकाले सार्वजनिक गरेका विवरणहरूले पछिल्ला वर्षहरूमा पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटन र सुशासनका क्षेत्रमा भएका प्रगतिहरूलाई उजागर गरेका छन् । स्थानीय पाठ्यक्रम निर्माणदेखि मध्यपश्चिम विश्वविद्यालयसँगको सहकार्य, बुलबुले उद्यान विस्तारदेखि ट्राफिक लाइट जडान, भेरी पम्पिङ खानेपानी आयोजना देखि आकाशे पुल निर्माणसम्मका योजनाले वीरेन्द्रनगर आधुनिक शहरतर्फ उन्मुख भइरहेको संकेत गर्छन् । सिसिटिभी जडान, सडक बत्ती विस्तार, उज्यालो नगर अभियान तथा विद्युतीय सुशासनका प्रयासले नगर व्यवस्थापनलाई व्यवस्थित बनाउने प्रयास देखिन्छ ।

यस्तै, स्वास्थ्य क्षेत्रमा निःशुल्क स्यानेटरी प्याड वितरण, विपन्नलाई निःशुल्क रगत उपलब्ध गराउने व्यवस्था तथा 'हेलो गर्भवती आमा' जस्ता कार्यक्रमले स्थानीय सरकार नागरिकको आधारभूत आवश्यकताप्रति संवेदनशील बन्न खोजेको सन्देश दिएका छन् । पर्यटन र सांस्कृतिक सम्पदाको संरक्षणमा गरिएका प्रयास पनि सकारात्मक पक्ष हुन् ।

तर उपलब्धिका सूची मात्र प्रस्तुत गरेर कुनै शहर समृद्ध हुँदैन । ती योजनाले नागरिकको दैनिक जीवनमा कति प्रभाव पारे ? सेवा प्रवाह कति सहज भयो ? सडक, खानेपानी, ढल, फोहर व्यवस्थापन र ट्राफिक समस्या कति समाधान भए ? यी प्रश्नको उत्तर व्यवहारमै देखिनुपर्छ । वीरेन्द्रनगर अझै तीव्र शहरीकरण, अनियन्त्रित बसोबास, फोहर व्यवस्थापन, बेरोजगारी, बढ्दो जनसंख्या र सीमित स्रोत-साधनको दबाबसँग जुधिरहेको छ । राजधानी शहरका रूपमा अपेक्षा बढ्दै जाँदा सेवा प्रवाहको गुणस्तर पनि सोहीअनुसार सुधारिन जरूरी छ ।

मुख्यमन्त्री यामलाल कँडेलले स्थापना दिवस कार्यक्रममा उठाएको भूमिहीन सुकुम्बासीको विषय अझ संवेदनशील छ । विकास र कानुन कार्यान्वयनको नाममा नागरिकलाई त्रसित बनाउने कार्य लोकतान्त्रिक अभ्याससँग मेल खाँदैन । वास्तविक सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या दीर्घकालीन योजना र व्यवहारिक समाधानमार्फत सम्बोधन गरिनुपर्छ । राज्यले जनताको बासस्थानको अधिकार र सम्मानलाई केन्द्रमा राखेर नीति लागू गर्नुपर्छ ।

स्थापना दिवसमा पत्रकार, शिक्षक, विद्यालय, विद्यार्थी तथा कर्मचारीलाई गरिएको सम्मानले समाज निर्माणमा योगदान दिने विभिन्न क्षेत्रको कदर गर्ने सकारात्मक सन्देश दिएको छ । यस्ता कार्यक्रमले प्रतिस्पर्धा र जिम्मेवारीको भावना बढाउँछन् । अब वीरेन्द्रनगरले केवल भौतिक संरचना थप्ने होइन, व्यवस्थित, सुरक्षित, हरित र नागरिकमैत्री शहर निर्माणतर्फ ध्यान केन्द्रित गर्नुपर्छ । विकासका योजना कागजमा सीमित नभई जनजीवनमा अनुभूति हुने गरी कार्यान्वयन हुन आवश्यक छ । अर्धशतक पार गरेको वीरेन्द्रनगर अब नयाँ चुनौती र अवसरको संघारमा उभिएको छ । आगामी यात्रा समावेशी, दिगो र उत्तरदायी बन्न सके मात्र यो शहर साँच्चिकै कर्णालीको नमुना राजधानी बन्न सक्छ ।

न्यायालयको नेतृत्व छनोट र स्वतन्त्रता

न्यायपालिका स्वतन्त्र हुनुपर्छ । कार्यपालिकाले आफूअनुकूलको प्रधानन्यायाधीश छान्नु लोकतन्त्रका लागि ठूलो धोका हो । भोलि अर्को सरकारले आफ्नो स्वार्थअनुसार न्यायाधीश छान्ला । त्यो शृंखला कहिल्यै रोकिँदैन ।



गोविन्द बेलबासे

वालेन्द्र सरकारले 'जान्नेलाई छान्ने' भन्ने राष्ट्रिय स्वाभिमानको भावनालाई सम्बोधन गर्दै गएको छ । प्रधानन्यायाधीशमा डा। मनोजकुमार शर्मालाई पनि छानिएकाहरूमध्ये सबैभन्दा जान्ने मानेर छानिएको छ । समय र सन्दर्भले मनोजलाई नै सिफारिस गर्नु धेरै राम्रो कदम देखिन्छ । तर, वालेन्द्रले झुक्किएर भए पनि ठीक निर्णय गरेको तथ्य भने विवादित छ ।

प्रधानन्यायाधीश छनोटको प्रक्रिया, यसको प्रभाव र न्याय क्षेत्रमा देखिएको योगदानको वास्तविक मूल्यांकन अहिलेको सान्दर्भिकता हो । सपना प्रधान मल्लले सामाजिक न्यायमा कलमबाट दिने योगदानलाई प्रशासनिक भूमिकाले छोप्ने थियो । कलम खियाउने समय उनको छोटिने खतरा थियो । अन्जानैमा भए पनि वालेन्द्रले सपनालाई कलम अझै तिखार्दै नारी समानतालगायतका सामाजिक न्यायमा योगदान दिने समय मिलाइदिएका छन् ।

मनोज शर्माले धेरै मुद्दाको फैसला गरेका छन् । विद्यावारिधिलाई उनको 'जान्ने' मापदण्ड बनाइएको अनुमान गर्न सकिन्छ । तर, फैसलाको संख्या र न्याय पुर्याउने सफल फैसला एवं सान्दर्भिक कदमहरूकाबीचमा ठूलो भिन्नता छ ।

फैसला धेरै गर्नु नै राम्रो न्यायाधीश हुनु होइन । एउटा सही फैसलाले इतिहास बदल्छ भने सयौँ गलत फैसलाले समाजलाई बर्बाद बनाउँछ । मनोजका फैसलाको गुणस्तरभन्दा संख्यामा ध्यान दिइएको देखिन्छ ।

जान्नेको हिसाब न्यायका लागि गरिएका योगदानको मर्म बुझेर गरिनुपर्छ । तर, अहिलेको छनोटले त्यस मापदण्डमा प्रश्न उठाएको छ ।

सिक्ने स्वभाव मनोजमा उच्चस्तरको छ । तर, वालेन्द्रले केवल छ हप्ताको सरकारको नेतृत्व गरेको भरमा मनोजको सिकाइ क्षमता थाहा पाएका होइनन् । परम्पराको क्रमभङ्गता गर्दा नछानिएका व्यक्तिहरू मनोजभन्दा बढी सिक्न खोज्ने थिए । यो तथ्य वालेन्द्रले बुझ्न नसक्नुले उनको छनोट प्रक्रिया कमजोर रहेको प्रमाणित गर्छ ।

मनोजले अन्तर्क्रिया र गोष्ठीहरूमा सिक्न खोज्ने स्वभाव राख्छन् । उनले सहभागीबाट स्रोत संकलन गर्ने शारीरिक भाषा पनि देखाउँछन् । तर, संवैधानिक परिषद्ले त्यसलाई मनन गरेको कतै देखिँदैन । छनोट राजनीतिक र स्वार्थमा आधारित भएको आभाष हुन्छ ।

छनोटका लागि दिइएका अन्य न्यायाधीशहरूमा सपना प्रधान मल्लको नाम उल्लेखनीय छ । उनी कार्यवाहक प्रधानन्यायाधीशसमेत हुन् । सामाजिक न्यायका लागि उनले दिएको योगदानको तुलनामा मनोजले गरेका फैसलाको संख्या अति नै न्यून छ ।

कलेज पढ्दा नै सपना प्रधान केही महिना बेपत्ता भएको उनका सहपाठीहरू बताउँछन् । एक दिन प्रहरीको पोशाकमा अग्लो घोडामाथि बसेर लस्करमा नै नेपाल क्याम्पसअगाडि देखिएपछि उनको रहस्य खुल्यो । नेपालमा पहिलोपटक महिलालाई प्रहरी अधिकृतमा भर्ना खोलेको थियो । सपना त्यतै भर्ना भएर तालिम गरिरहेकी रहिछन् । त्यही तालिमको क्रममा उनी लस्करमा देखिएकी थिइन् ।

उनी प्रहरी हाकिम बन्न भर्ना भएकी थिइनन् भन्ने कुरा पछि मात्र थाहा भयो । विभिन्न तालिम पाउने सम्भावनालाई कलेजको पढाइ नबिगारी प्रयोग गर्न उनी प्रहरीमा भर्ना भएकी रहिछन् । तालिम सकेपछि उनी पढाइमा फर्किएको उनका सहपाठीहरू साक्षी छन् । यो सिक्ने लगाव उनले अहिलेसम्म पनि कायम राखेकी छन् ।

सिक्ने अभ्यासको पछाडि उनीभित्र महिला विभेद हटाउन न्यायको क्षेत्रबाट योगदान दिने बानी थियो । उनको मस्तिष्कमा नारी समानताको लागि लडाकु बन्ने चाहना गहिरोसँग रोपिएको छ । गडेर बसेको छ । उनको बाल्यकालका कस्ता घटना र सामाजिक वातावरणले यो सोच बनायो भन्ने अनुसन्धानको विषय हुनुपर्ने हो ।

नेपाली समाजमा पुरुष विभेदलाई विरोध नगरी समाहित हुने स्टकहोम सिन्ड्रोम अधिकांश महिलामा देखिन्छ । तर, सपना कसरी त्यसको अपवाद बनेर जुझारु बनिन् भन्ने गहन प्रश्न छ ।

नारी विभेदविरुद्धको सामाजिक जागरुकताका लागि माओवादी विद्रोहमा उनी लागिनन् । समयले त्यो अवसर दिएर पनि उनले त्यो मार्ग अवलम्बन गरिनन् । सशस्त्र विद्रोहमा नहोमिइकनै दिगो संघर्ष गर्न उनी सफल भइन् । मीरा ढुंगानाजस्ता कानुन व्यवसायीलाई अगाडि बढाएर विभेदविरुद्ध निरन्तर लाग्नु उनको सुझबुझ हो । उनको केन्द्रमा नारीमुक्तिको आन्दोलन छ । मीरा ढुङ्गानाको नजिर बसालेर विभेदकारी कानुनहरू उजागर गराउनु उनको एक प्रयास थियो । अझै त्यसैको जगमा नारी विभेद समाजमा छलफल गर्ने गरी सवीच्चले फैसला गराउनमा उनको कानुन व्यवसायको भूमिका फैसलाका नम्बरसँग कदापि दाँजिनु हुँदैन थियो ।

माओवादी विद्रोह संसदीय मूलप्रवाहमा प्रवेश गरेपछि नेतृत्वले प्रतिगामी कदम चाल्यो । ती प्रतिबद्धता बिर्सिएको देखियो । त्यो अवस्थामा सपनाले ठीक मार्ग रोजिछन् भन्ने प्रमाणित भएको छ ।

नारी समानताको लागि राजनीतिमा नलागी सामाजिक कार्यकर्ताको भूमिकामा वकिलको काम गर्न उनी सफल भइन् । उनको निरन्तर योगदानको कदर विश्वस्तरमै हुनेछ । यसमा दुई राय छैन ।

वालेन्द्रले सपनालाई प्रधानन्यायाधीश नबनाएर उनको वास्तविक प्रतिभा संरक्षण गरे । यसो गर्दा वालेन्द्रले आफूलाई जन्मदिने आमाजस्तै अरु आमाहरूको हित हुने काम गरेका छन् । वालेन्द्रकी 'राजनीतिक आमा' सुशीला काकीलाई पनि सपनाको कलम तिखारिने समय थप्ने अवसर मिलाइदिएर गुन लगाएका हुन सक्छन् ।

अन्जानमै भए पनि वालेन्द्रले राम्रो सिफारिस गरे । सपना प्रधानको कलम तिखार्ने थप समय मिलाइदिएकोमा वालेन्द्र शाहलाई धन्यवाद दिनुपर्छ ।

वालेन्द्रको यो कदमबाट शक्ति पृथकीकरणको मर्म ध्वस्त हुने गरी न्याय क्षेत्रमा हस्तक्षेप भएको छ । संसद छलेर अध्यादेश ल्याउनु अहिलेको लागि मात्र होइन, भविष्यको लागि पनि खतरनाक छ । उनले आफैं (प्रधानमन्त्री)ले आफ्नो (नागरिक) खुट्टामा बञ्चरो हानेका छन् ।

अहिलेको प्रधानन्यायाधीश छनोट प्रक्रियाको लागि ल्याइएको अध्यादेशको मूल्यांकन गर्दा भविष्यमा सवीच्चका न्यायाधीशहरू संविधानको लागि नभई कार्यपालिकालाई खुसी पार्न कटिबद्ध हुनेछन् । यसले लोकतन्त्र नासिनेछ । अधिनायकत्व स्थापित हुनेछ ।

नेपाली जनता झन् झन् सचेत हुँदै गएका छन् । उनीहरूले त्यो सहन सक्दैनन् । भद्र २३ र २४ गतेजस्ता आन्दोलन र माओवादी सशस्त्र संघर्षजस्ता हिंसा पुनः दोहोरिनेछन् ।

सभ्य समाजको चुनौती

शान्तिपूर्ण रूपले अन्तर्विरोध समाधान गर्ने सभ्य समाजको निर्माणको लागि यो नराम्रो कदम हो । नराम्रो कदमबाट राम्रो परिणाम निस्कने प्रधानन्यायाधीश छनोटको घटना दोहोरिनु हुँदैन ।

न्यायपालिका स्वतन्त्र हुनुपर्छ । कार्यपालिकाले आफूअनुकूलको प्रधानन्यायाधीश छान्नु लोकतन्त्रको लागि ठूलो धोका हो । भोलि अर्को सरकारले आफ्नो स्वार्थअनुसार न्यायाधीश छान्ला । त्यो शृंखला कहिल्यै रोकिँदैन ।

वालेन्द्र शाहले अहिले 'जान्नेलाई छान्ने' नीति अपनाएको दाबी गरे पनि यो प्रक्रिया आफैंमा विकृत छ । संसद छल्दै अध्यादेश ल्याएर प्रक्रिया परिवर्तन गर्नु अतिमहत्त्वाकांक्षी कदम हो ।

सपना प्रधान मल्लजस्तो सामाजिक न्यायको योद्धा प्रधानन्यायाधीश नबनेर वरिष्ठ न्यायाधीशको रूपमा पनि चम्किन सक्छिन् । मनोज शर्माले पनि आफूलाई प्रमाणित गर्ने मौका पाए । तर, शक्ति विभाजनको सिद्धान्त जोगाउन सरकार सफल भएन ।

भोलिको नेपाली समाजमा आजको यो छनोटलाई कसरी सम्झिन्छ रु इतिहासले वालेन्द्रलाई न्यायाधीश छनोटमा हस्तक्षेप गर्ने व्यक्तिको रूपमा लेख्नेछ कि व्यवस्था सुधारकको रूपमा रु त्यो प्रश्नको जवाफ भविष्यमा न्यायपालिकाले कस्तो भूमिका खेल्छ भन्नेमा निर्भर हुन्छ ।

नराम्रो कदमबाट राम्रो परिणाम कोर्ने कोसिस लोकतन्त्रमा महँगो पर्छ । वालेन्द्रले धेरै कुरा झुक्किएर पनि सही गरे होलान्, तर न्याय क्षेत्रको स्वतन्त्रतामाथिको आघात कहिल्यै सही हुँदैन । अब सबैको नजर प्रधानन्यायाधीश मनोज शर्माले न्यायालयलाई कसरी सञ्चालन गर्छन् भन्नेमा हुनेछ । आउने दिनले सबै फैसला गर्नेछ ।

उपकुलपति र राजदूत नियुक्त गर्ने निकायहरूलाई पत्र



✍ प्रा.डा. ऋषिकेश नारायण श्रेष्ठ

नेपालमा सार्वजनिक नियुक्तिहरू लामो समयदेखि विवाद, राजनीतिक भागबन्डा, पहुँच र आर्थिक चलखेलसँग जोडिँदै आएका छन् । विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठान तथा कूटनीतिक क्षेत्रजस्ता संवेदनशील संस्थाहरू पनि यसबाट अछुतो रहेनन् । उपकुलपति, प्रतिष्ठानका पदाधिकारी तथा राजदूतहरूको नियुक्तिलाई लिएर विगतमा उठेका प्रश्नहरूले शैक्षिक स्तर, अनुसन्धान संस्कृति, संस्थागत विश्वसनीयता र नेपालको अन्तर्राष्ट्रिय छविमाथि समेत असर पारेको अनुभव हामीसँग छ ।

त्यसैले अहिले पारदर्शी, निष्पक्ष र योग्यतामा आधारित नियुक्ति प्रक्रिया अपनाउने सरकारी प्रयासलाई सकारात्मक रूपमा लिनुपर्छ । सार्वजनिक संस्थामाथि जनविश्वास पुनःस्थापित गर्न सुधार आवश्यक छ, र सुधारप्रतिको प्रतिबद्धता स्वागतयोग्य पनि छ । तर सुधार गर्ने उत्साहमा कहिलेकाहीं हामी मूल उद्देश्यभन्दा प्रक्रियालाई ठूलो बनाउने गल्ती गर्छौं ।

अहिले उपकुलपति तथा अन्य उच्च नियुक्तिहरूका लागि तयार गरिएका केही कार्यविधिहरू, साथै सामाजिक सञ्जाल र सार्वजनिक बहसमा आएका प्रस्तावित विधिहरू अध्ययन गर्दा एउटा पुरानो कथा सम्झना आउँछ–

एक पटक भगवानले सोच्नुभयो–अब म संसारकै सबैभन्दा उत्कृष्ट र उपयोगी जनावर बनाउँछु ।

उहाँले विभिन्न जनावरहरूको राम्रा-राम्रा गुण र अंगहरू लिएर एउटा नयाँ जीव बनाउन थाल्नुभयो । टाढासम्म देख्न र माथिका पात खान सकियोस् भनेर जिराफजस्तै लामो घाँटी राखियो । मरुभूमिमा छिटो हिँड्न सकियोस् भनेर हरिण र घोडाजस्तै लामो खुट्टा बनाइयो । धेरै दिन पानीबिना पनि बाँच्न सकियोस् भनेर ढाडमा कूबड राखियो ।

बालुवामा सजिलै हिँड्न मिलोस् भनेर खुट्टाको बनावट फरक बनाइयो । घाम र आँधी सहन सकियोस् भनेर बाक्ला आँखीभौं र फरक आँखा बनाइयो ।

भगवानले प्रत्येक जनावरको राम्रो पक्ष जोड्दै जानुभयो । तर अन्त्यमा बनेको जीव अरू जनावरजस्तो सुन्दर, सन्तुलित र आकर्षक देखिएन । त्यो अनौठो, असन्तुलित र जटिल देखिने ऊँट बन्यो । त्यसपछि भगवान मुस्कुराउँदै भन्नुभयो–

हरेक राम्रो कुरा जोड्दै जान खोज्दा पनि अपेक्षित परिणाम नआउन सक्ने रहेछ। सन्तुलन र स्वाभाविकता पनि उत्तिकै आवश्यक हुँदो रहेछ ।

यस कथाको सन्देश गहिरो छ । अत्यधिक सुधार गर्न खोज्दा कहिलेकाहीं सन्तुलन बिग्रन्छ । हरेक कुरा सीमाभित्र राम्रो हुन्छस अति भएपछि सरलता, व्यवहारिकता र उद्देश्य नै हराउन सक्छ ।

उपकुलपति, स्वास्थ्य प्रतिष्ठानका नेतृत्वकर्ता तथा राजदूत छनोट प्रक्रियामा अहिले देखिएको बहस पनि यही सन्दर्भसँग जोडिएको देखिन्छ । विगतका विकृति हटाउने नाममा प्रक्रिया यति धेरै तह, यति धेरै सर्त र यति धेरै औपचारिकतामा भरिन थालेको छ कि मूल उद्देश्यभन्दा प्रक्रिया नै ठुलो बन्ने खतरा देखिएको छ ।

विश्वविद्यालय नेतृत्व छनोटमा पारदर्शिता आवश्यक छ । स्वास्थ्य प्रतिष्ठानमा सक्षम र नैतिक नेतृत्व पनि उत्तिकै आवश्यक छ। त्यस्तै, राजदूत नियुक्ति केवल राजनीतिक सन्तुलनको विषय नभई राष्ट्रको अन्तर्राष्ट्रिय प्रतिनिधित्व र कूटनीतिक क्षमतासँग जोडिएको विषय हो । तर पारदर्शिताको नाममा अत्यधिक प्रक्रियामुखी विधि बनाउँदा निर्णय कमजोर बन्न सक्छ ।

हाम्रो समाजमा एउटा उखान छ–नयाँ जोगीले धेरै खरानी घस्छ । सुधार गर्ने उत्साहमा नयाँ, संरचना बनाउने, प्रक्रिया थप्ने, नयाँ समिति बनाउने र नयाँ मापदण्ड ल्याउने प्रवृत्ति नेपालको लागि नयाँ कुरो होइन । तर प्रश्न के हो भने–के समस्या साँच्चै विधिको अभाव थियो? वा समस्या त्यसको दुरुपयोग, गलत प्रयोग र राजनीतिक हस्तक्षेपको थियो?

नेपालमा नियुक्तिका लागि विधि, प्रक्रिया र कानुनी संरचना अहिलेको सरकार आउनुभन्दा पहिलेदेखि नै थिए । विश्वविद्यालय ऐनहरू थिए, छनोट प्रक्रिया थिए, योग्यता र अनुभवका आधारहरू पनि थिए । राजदूत नियुक्तिका लागि पनि संवैधानिक र प्रशासनिक व्यवस्था थिए । समस्या त ती व्यवस्थाहरू निष्पक्ष रूपमा लागू भएनन् भन्ने थियो ।

त्यसैले समाधान नयाँ-नयाँ जटिल संरचना थप्नु मात्र होइनस विद्यमान प्रणालीलाई इमानदार, निष्पक्ष र उत्तरदायी ढंगले कार्यान्वयन गर्नु पनि हो ।

विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठान तथा कूटनीतिक निकायहरू प्रशासनिक कार्यालय मात्र होइनन् । यी विचार, ज्ञान, अनुसन्धान, नीति र राष्ट्रिय छवि निर्माण गर्ने संस्थाहरू हुन् । यहाँ नेतृत्व गर्ने व्यक्तिमा शैक्षिक दृष्टि, अनुसन्धानप्रतिको प्रतिबद्धता, संस्थागत अनुभव, नैतिक विश्वसनीयता, नेतृत्व क्षमता तथा राष्ट्रिय हितप्रतिको संवेदनशीलता आवश्यक हुन्छ । यी गुणहरू केवल कागजी प्रक्रियाले मात्र मापन गर्न सकिँदैनन् ।

अत्यधिक औपचारिकता र प्रक्रियात्मक बोझले कहिलेकाहीं योग्य व्यक्तिहरूलाई नै निरुत्साहित गर्ने अवस्था आउन सक्छ ।

अकीतर्फ, विश्वविद्यालय र प्रतिष्ठानहरूको स्वायत्तता पनि उत्तिकै महत्त्वपूर्ण विषय हो । यदि नियुक्ति प्रक्रिया अत्यधिक प्रशासनिक नियन्त्रण, अनावश्यक हस्तक्षेप वा प्रक्रियागत जटिलताभित्र अल्झियो भने ती संस्थाहरू स्वतन्त्र र सृजनशील केन्द्रभन्दा बढी प्रशासनिक संरचनाजस्ता बन्ने जोखिम हुन्छ ।

विश्वविद्यालयलाई जीवित र सशक्त बनाउने कुरा नियमको संख्या होइनस नेतृत्वको गुणस्तर र संस्थागत संस्कार हो । त्यस्तै, कूटनीतिक क्षेत्रलाई प्रभावकारी बनाउने कुरा केवल औपचारिक प्रक्रिया होइनस राष्ट्रको प्रतिनिधित्व गर्न सक्ने दृष्टि, अनुभव र विश्वसनीयता पनि हो ।

सुधार आवश्यक छ । पारदर्शिता पनि आवश्यक छ । तर सुधार सन्तुलित हुनुपर्छ । प्रक्रिया यस्तो हुनुपर्छ, जसले योग्य व्यक्तिलाई आकर्षित गरोस्, निरुत्साहित होइन । कार्यविधि यस्तो हुनुपर्छ, जसले निर्णयलाई सहज, निष्पक्ष र विश्वसनीय बनाओस्स अनावश्यक रूपमा जटिल होइन ।

आज आवश्यकता सुधारको प्रदर्शन भन्दा सुधारको परिणाम हो ।

विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठान र कूटनीतिक निकायहरूलाई सक्षम नेतृत्व दिन सकियो भने त्यसको प्रभाव पुस्तौँसम्म रहन्छ । तर प्रक्रिया यति बोझिलो बनाइयो कि योग्य मानिस नै पछि हट्न थाले भने सुधारको उद्देश्य नै कमजोर बन्न सक्छ ।

अकीतर्फ, सबै योग्य व्यक्तिहरू आफैं म योग्य छु भनेर प्रक्रियामा सहभागी हुन आउँछन् भन्ने आवश्यक छैन । समाजमा यस्ता व्यक्तिहरू पनि हुन्छन्, जो काममा विश्वास गर्छन्, प्रचारमा होइन । कतिपय व्यक्तिहरू आफ्नो ज्ञान, अनुभव र योगदानका बाबजुद सार्वजनिक प्रतिस्पर्धा, आत्मप्रचार वा अनावश्यक सार्वजनिक सुनुवाइबाट टाढा बस्न रुचाउँछन् ।

त्यसैले राज्यको दायित्व केवल आवेदन माग्ने मात्र होइनस देशभित्र रहेका योग्य, सक्षम र इमानदार व्यक्तित्वहरूलाई पहिचान गर्ने, उनीहरूलाई खोज्ने र जिम्मेवारी ग्रहण गर्न अनुरोध गर्ने पनि हो

हरेक क्षेत्रमा अत्यधिक प्रतिस्पर्धा, सार्वजनिक सुनुवाइ र प्रक्रियात्मक प्रदर्शन प्रभावकारी नै हुन्छ भन्ने छैन । केही संवेदनशील र बौद्धिक पदहरूमा अत्यधिक सार्वजनिक प्रतिस्पर्धाले योग्य व्यक्तिहरूलाई नै निरुत्साहित गर्न सक्छ। परिणामतः प्रचारमा कुशल व्यक्तिहरू अगाडि आउने, तर मौन रूपमा काम गरिरहेका सक्षम व्यक्तिहरू पछि हट्ने अवस्था सिर्जना हुन सक्छ ।

योग्यता सधैं कागज र बोलीमा देखिँदैनस कहिलेकाहीं त्यो शान्त रूपमा गरेको काम, संस्थागत योगदान र नैतिक विश्वसनीयताभित्र लुकेको हुन्छ । राज्यले त्यस्ता लुकेका रत्नहरू चिन्ने क्षमता पनि विकास गर्नुपर्छ ।

स्थानीय तहका कानुन बनाइने छ, मुख्यमन्त्री कँडेल



काँक्रेविहार संवाददाता
सुर्खेत, २७ वैशाख

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले जिल्ला समन्वय समिति (जिसस), गाउँपालिका तथा नगरपालिकासँग सम्बन्धित संविधानमा उल्लेखित कानुन निर्माणलाई प्रदेश सरकारले अब प्राथमिकताका साथ अघि बढाउने बताए। उनले स्थानीय तह र जिल्ला समन्वय समितिको अधिकार, जिम्मेवारी तथा कार्यक्षेत्रलाई प्रभावकारी बनाउन आवश्यक कानुनी संरचना तयार पार्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत प्रदेश कार्यक्रम सहयोग एकाइले शनिबार सुर्खेतमा आयोजना गरेको "अन्तरसरकारी सम्बन्ध र समन्वय" विषयक बैठकमा बोल्दै मुख्यमन्त्री कँडेलले संविधानले व्यवस्था गरेका कतिपय कानुन अझै निर्माण हुन नसक्दा स्थानीय तह र जिल्ला समन्वय समितिले प्रभावकारी रूपमा काम गर्न कठिनाइ भोगिरहेको बताए। उनले अब ती कानुन निर्माणमा प्रदेश सरकारले ढिलाइ नगर्ने स्पष्ट पारे।

मुख्यमन्त्री कँडेलले प्रदेश सरकारले स्थानीय तह तथा जिल्ला समन्वय समितिको क्षमता अभिवृद्धि, अनुगमन प्रणाली सुदृढीकरण तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक पहल गर्ने जानकारी दिए । उनले स्थानीय सरकारलाई सबल र सक्षम बनाउनु प्रदेश सरकारको दायित्व भएको उल्लेख गर्दै विकास निर्माण, योजना कार्यान्वयन र सेवा प्रवाहमा प्रदेश तथा स्थानीय तहबीचको सहकार्यलाई अझ मजबुत बनाइने बताए।

बैठकमा जिल्ला समन्वय समिति महासङ्घ कर्णाली प्रदेश अध्यक्ष मन्जन कुमार कार्कीले जिल्ला समन्वय समितिलाई थप अधिकार र जिम्मेवारी दिनुपर्ने आवश्यकता औंल्याए।

उनले जिल्ला स्तरको समग्र तथ्याङ्क व्यवस्थापन, सूचना आदानप्रदान, स्थानीय र प्रदेश सरकारबीच समन्वय तथा परियोजना बैङ्क सञ्चालनमा जिससको भूमिका अझ प्रभावकारी बनाउनुपर्ने धारणा राखे। उनले जिल्ला समन्वय समितिलाई स्थानीय र प्रदेश सरकारबीच पुलको रूपमा प्रयोग गर्न सकिने बताउँदै योजना छनोट, विकास परियोजनाको अनुगमन तथा तथ्याङ्क व्यवस्थापनमा जिससलाई सक्रिय बनाउनु आवश्यक रहेको बताए। कार्कीले नदीजन्य पदार्थको कानुनी निकासी तथा व्यवस्थापनका लागि आवश्यक कार्यविधि निर्माणमा प्रदेश सरकारले विशेष पहल गर्नुपर्ने माग पनि गरे।

कर्णाली प्रदेशका ७९ स्थानीय तहमध्ये हालसम्म सात वटाले मात्रै नदीजन्य वस्तु व्यवस्थापन सम्बन्धी कार्यविधि बनाएको जानकारी दिँदै उनले यस विषयमा स्पष्ट कानुनी व्यवस्था नहुँदा स्थानीय तह र जिल्ला समन्वय समितिले विभिन्न चुनौती भोग्नुपरेको बताए। उनले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम भूगोल, जनसंख्या, आर्थिक अवस्था तथा लैङ्गिक अवस्थालाई ध्यानमा राखेर तयार गर्न सुझाव दिए।

गाउँपालिका राष्ट्रिय महासङ्घ कर्णाली प्रदेश अध्यक्ष निमबहादुर केसीले प्रदेश सरकार र स्थानीय तहबीच अझ प्रभावकारी समन्वय आवश्यक रहेको बताए। उनले स्थानीय तहको बेरुजु फर्स्योट प्रक्रियामा प्रदेश सरकारले सहजीकरण गर्नुपर्ने, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा जोड दिनुपर्ने र आवश्यकता तथा मागका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने धारणा राखे। उनले स्थानीय तहलाई आर्थिक, प्रशासनिक तथा प्राविधिक रूपमा सक्षम बनाउन प्रदेश सरकारले दीर्घकालीन योजना ल्याउनुपर्ने आवश्यकता पनि औंल्याए।

स्थानीय तहलाई बलियो बनाए मात्रै नागरिकले सहज रूपमा सेवा प्राप्त गर्न सक्ने उनको भनाइ थियो। मुख्यमन्त्री कँडेलले प्रदेश सरकार र स्थानीय तहबीच विगतको तुलनामा समन्वय तथा सहकार्यमा सुधार आएको दाबी गर्दै आगामी दिनमा अझ प्रभावकारी ढङ्गले काम गरिने बताए। उनले संविधानको मर्मअनुसार प्रदेश सरकारले कानुन निर्माण, नीतिगत सुधार तथा स्थानीय तह सुदृढीकरणका कार्यक्रमलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाए।

यस अवसरमा गत बुधबार सम्पन्न कर्णाली प्रदेश समन्वय परिषद्को ११ औं बैठकका नौ वटा निर्णयसमेत सार्वजनिक गरिएको छ।

बैठकले स्थानीय तहमा कार्यरत कर्मचारी व्यवस्थापनलाई व्यवस्थित बनाउन दुई वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई हाल कार्यरत स्थानीय तहमा दरबन्दी कायम रहेसम्म सरुवा तथा पदस्थापनका लागि सिफारिस गर्ने निर्णय गरेको जनाएको छ। त्यस्तै स्थानीय तहमा रिक्त रहेका पदहरूको विवरण एक साताभित्र प्रदेश लोक सेवा आयोगमा पठाउन सबै स्थानीय तहलाई अनुरोध गर्ने निर्णय पनि गरिएको छ।

प्रदेश सरकारले कर्मचारी अभावका कारण सेवा प्रवाहमा समस्या नहोस् भन्ने उद्देश्यले आवश्यक पदपूर्तिको प्रक्रिया अघि बढाउने जनाएको छ।

पूर्ण खोप सुनिश्चितता पालिका घोषित



काँक्रेविहार संवाददाता
डोल्पा, २७ वैशाख

त्रिपुरासुन्दरी नगरपालिकालाई जिल्लामै पहिलो पटक पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको छ।

नगरपालिकाभित्र रहेका २३ महिना सम्मका सबै बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार आवश्यक खोप प्राप्त गरेपछि नगरलाई पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको हो।

"स्थानीय स्वामित्व र सहभागिता : पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिबद्धता" भन्ने नारासहित कार्यक्रम सम्पन्न गरिएको थियो।

कार्यक्रममा नगरप्रमुख जनचन्द्र रोकायाको सभाध्यक्षता तथा श्यामबहादुर रोकायाको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राजु कुँवर, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

जनस्वास्थ्य निरीक्षक तुलबहादुर श्रेष्ठका अनुसार नगरपालिकाका सबै वडामा रहेका २३ महिना सम्मका बालबालिकाले नियमित रूपमा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका सबै खोप प्राप्त गरेपछि पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको हो। उनले त्रिपुरासुन्दरी नगरपालिका डोल्पा जिल्लामै यस्तो घोषणा हुने पहिलो स्थानीय तह बनेको जानकारी दिए।

कार्यक्रमका क्रममा नगर क्षेत्रभित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रमाणपत्र सहित सम्मान गरिएको थियो।

पूर्ण खोप अभियान सफल बनाउन महिला स्वास्थ्य स्वयंसेविकाले समुदायस्तरमा खेलेको सक्रिय भूमिकाको कदर गर्दै सम्मान गरिएको आयोजकले जनाएको छ।

नगरपालिकाले खोप अभियानलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थासँग समन्वय, घरदैलो अभियान तथा अभिभावकमाझ जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।

कार्यक्रम त्रिपुरासुन्दरी नगरपालिकाको आयोजना तथा नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट, डोल्पाको समन्वयमा सम्पन्न भएको हो।

जुम्ला-कालिकोटमा बालविवाह रोकियो



काँक्रेविहार संवाददाता
कालीकोट, २७ वैशाख

जुम्ला र कालिकोटका किशोर-किशोरीबीच हुन लागेको बालविवाह स्थानीय जनप्रतिनिधि, प्रहरी प्रशासन, इन्सेक तथा बालविवाहविरुद्धको साझा अभियानको सक्रियतामा रोकिएको छ।

समयमै सूचना संकलन, दुवै जिल्लाका सुरक्षा निकायबीच समन्वय र स्थानीय तहको पहलका कारण एक किशोरीलाई बालविवाहबाट जोगाउन सफल भएको हो।

कालिकोटको खाँडाचक्र नगरपालिका आठ दशलाकी १४ वर्षीया बालिका र जुम्लाको हिमा गाउँपालिका एक देवार गाउँका १६ वर्षीय किशोरबीच विवाह गराउने तयारी भइरहेको अवस्थामा सम्बन्धित निकाय सक्रिय भएपछि बालविवाह रोकिएको हो।

हिमा गाउँपालिका यसअघि नै बालविवाहमुक्त घोषणा गरिएको स्थानीय तहसमेत हो। जानकारी अनुसार वैशाख २४ गते राति बालक पक्षले बालिकालाई घरबाट भगाएर जुम्ला लगेको थियो।

घटनाबारे इन्सेक कालिकोट प्रतिनिधि तथा बालविवाह विरुद्धको साझा अभियान सञ्जालका जिल्ला अध्यक्ष कालीबहादुर मल्लले सूचना पाएपछि तत्काल प्रहरी प्रशासनलाई जानकारी गराइएको थियो। त्यसपछि कालिकोटका प्रहरी प्रमुख डिएसपी हिमबहादुर खत्री, जुम्लाका प्रहरी प्रमुख डिएसपी रबिनबाबु रेग्मी तथा दुवै जिल्लाका जनप्रतिनिधि र सरोकारवाला निकाय सक्रिय भएका थिए।

दुवै जिल्लाका प्रहरी र स्थानीय तहबीच समन्वय गरेर खोजी अभियान सञ्चालन गरिएको थियो। खोजतलासका क्रममा जुम्लाको हिमा गाउँपालिका क्षेत्रमा बालिकालाई फेला पारिएको प्रहरीले जनाएको छ। त्यसपछि जुम्ला प्रहरीले प्रहरी चौकी बड्कीमार्फत बालिकाको उद्धार गरी सुरक्षित रूपमा आमाको जिम्मा लगाएर कालिकोट फर्काएको हो।

प्रहरीका अनुसार बालिका हाल कक्षा नौ मा अध्ययनरत छिन्। बालक पक्षले वैशाख महिनामै ज्योतिष लगन जुराएर विवाह सम्पन्न गर्ने तयारी गरेको खुलेको छ। तर समयमै सूचना प्राप्त भएपछि सम्बन्धित निकाय सक्रिय भई बालविवाह रोक्न सफल भएका हुन्।

बालिकाकी आमा मुनपुरा नेपालीले छोरीलाई बालविवाहबाट जोगाउन सहयोग गर्ने सबै निकाय र व्यक्तिप्रति आभार व्यक्त गर्नुभएको छ। उनले प्रहरी, इन्सेक, स्थानीय जनप्रतिनिधि तथा अभियानमा संलग्न व्यक्तिहरूको सहयोगका कारण छोरीलाई घर फर्काउन सफल भएको बताए।

जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रमुख डिएसपी हिमबहादुर खत्रीले बालविवाहले किशोर-किशोरीको भविष्यमा गम्भीर असर पार्ने बताए। उनका अनुसार कम उमेरमै विवाह हुँदा शिक्षा बीचमै रोकिने, स्वास्थ्य समस्या बढ्ने, मानसिक तनाव सिर्जना हुने तथा घरेलु हिंसाका घटनासमेत बढ्ने सम्भावना रहन्छ।

बालविवाह अन्त्यका लागि प्रहरीसँगै मानव अधिकारकर्मी, सञ्चारकर्मी, नागरिक समाज र समुदायको सक्रिय सहभागिता आवश्यक रहेको उनले उल्लेख गरे।

समुदाय स्तरमै जनचेतना अभिवृद्धि गर्न सके बालविवाह जस्ता सामाजिक विकृति न्यूनीकरण गर्न सकिने बताए। यस्ता घटनाबारे समयमै सूचना दिन स्थानीय समुदायको भूमिका पनि महत्वपूर्ण हुने प्रहरीको भनाइ छ।

नेपालको मुलुकी देवानी संहिता, २०७४ अनुसार विवाहका लागि न्यूनतम उमेर २० वर्ष तोकिएको छ। २० वर्षभन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह मानिन्छ।

कानुनअनुसार बालविवाह गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ।

सरकारले बालविवाह अन्त्यका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आए पनि ग्रामीण क्षेत्रमा अझै पनि लुकिछिपी बालविवाह हुने गरेका छन्।

विशेषगरी आर्थिक अवस्था कमजोर भएका परिवार, कम शिक्षा तथा सामाजिक चेतनाको अभावका कारण यस्ता घटना दोहोरिने गरेको सरोकारवालाहरूको भनाइ छ। यस घटनाले बालविवाह नियन्त्रणका लागि स्थानीय तह, प्रहरी र सामाजिक संस्थाबीचको समन्वय प्रभावकारी हुनुपर्ने आवश्यकता पुनः उजागर गरेको छ।

भूमिहीनलाई लालपूर्जा वितरण प्रक्रिया रोकियो



काँक्रेविहार संवाददाता
बैतडी, २७ वैशाख

सरकारले भूमि समस्या समाधान आयोगका पदाधिकारीलाई पदमुक्त गर्ने निर्णय गरेपछि बैतडीमा भूमिहीन सुकुम्बासीलाई लालपूर्जा वितरण गर्ने प्रक्रिया प्रभावित बनेको छ।

पञ्चेश्वर गाउँपालिकामा अन्तिम चरणमा पुगेको लालपूर्जा वितरण कार्य आयोग खारेजसँगै स्थगित गरिएको हो।

भूमि समस्या समाधान आयोग जिल्ला समिति बैतडीले पञ्चेश्वर गाउँपालिकाका २० भूमिहीन सुकुम्बासी परिवारलाई पहिलो चरणमा लालपूर्जा वितरण गर्ने तयारी गरेको थियो।

गाउँपालिकाबाट प्रमाणीकरण भएका ५९ परिवारमध्ये प्रारम्भिक चरणमा २० परिवारलाई जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउने योजना बनाइएको थियो।

यसका लागि सम्बन्धित जग्गामाथि दाबी वा विरोध भए पेश गर्न वैशाख १७ गते सात दिने सार्वजनिक सूचना समेत जारी गरिएको थियो। तर आयोग खारेज भएपछि सम्पूर्ण प्रक्रिया रोकिएको नापी कार्यालय बैतडीका प्रमुख विनोद भट्टले जानकारी दिए।

उनका अनुसार आयोग मार्फत फिल्डमा खटाइएका प्राविधिक कर्मचारीलाई पनि फिर्ता बोलाइएको छ। आयोग अन्तर्गत सञ्चालन भइरहेका नापजाँच, तथ्याङ्क सङ्कलन र प्रमाणीकरणका काम हाल रोकिएका छन्।

पञ्चेश्वर गाउँपालिकामा ५९ भूमिहीन सुकुम्बासी परिवार तथा करिब चार सय अव्यवस्थित बसोबासी रहेको तथ्याङ्क छ।

जिल्लाभर भने तीन हजारभन्दा बढी भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेको अनुमान गरिएको छ। आयोग खारेजीसँगै उनीहरूको व्यवस्थापन प्रक्रिया अन्योलमा परेको स्थानीयवासीले बताएका छन्।

१६औं राष्ट्रपति रनिङ शिल्ड सुरू



काँक्रेविहार संवाददाता
सल्यान, २७ वैशाख

जिल्लास्तरीय १६औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आइतबारदेखि सुरु भएको छ। जिल्लाभरका करिब आठ सय विद्यार्थी खेलाडीको सहभागितामा बनगाड कुपिण्डे नगरपालिका एक देवस्थलस्थित राताचौर खेलमैदानमा प्रतियोगिता सञ्चालन भएको हो।

तीन दिनसम्म चल्ने प्रतियोगिताको उद्घाटन प्रतिनिधिसभा सदस्य रमेशकुमार मल्लले गरे। उद्घाटन कार्यक्रममा प्रदेशसभा सदस्य भीमप्रकाश शर्मा, जिल्ला समन्वय समिति सल्यानका प्रमुख बेलाराम रावल, विभिन्न स्थानीय तहका प्रमुख तथा उपप्रमुख, राजनीतिक दलका प्रतिनिधि, सुरक्षाकर्मी, पत्रकार तथा विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

जिल्लाका १० वटै स्थानीय तहबाट विद्यार्थी खेलाडी सहभागी भएको प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, मार्सल आर्टलगायत विभिन्न खेल विधामा प्रतिस्पर्धा सुरु भएको जिल्ला खेलकुद विकास समिति सल्यानले जनाएको छ।

जिल्ला खेलकुद विकास समिति सल्यानका अध्यक्ष खड्ग आचार्यको अध्यक्षतामा उद्घाटन भएको प्रतियोगितामा विभिन्न खेल सञ्चालनका लागि करिब ४० जना निर्णायक परिचालन गरिएको छ। अध्यक्ष आचार्यका अनुसार प्रतियोगिताबाट उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई प्रदेश तथा राष्ट्रियस्तरका प्रतियोगिताका लागि छनोट गरिनेछ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

हिल्सा नाकाबाट चिनियाँ मदिरा आयातमा रोक



❐ काँक्रेविहार संवाददाता
हुम्ला, २७ वैशाख

हिल्सा नाकाबाट नेपाल भित्रिने चिनियाँ मदिरा यस वर्षदेखि रोकिएको छ। नेपाली सुरक्षा निकायको आग्रहपछि चिनियाँ सुरक्षाकर्मीले ताक्लाकोटबाट मदिरा नेपालतर्फ नपठाउने सहमति जनाएका हुन्। सशस्त्र प्रहरी बल नेपाल, बिओपी हिल्साका सशस्त्र प्रहरी निरीक्षक कृष्ण दाहालका अनुसार हिल्सा नाकाबाट वर्षेनी लुकिछिपी रूपमा ठूलो परिमाणमा चिनियाँ मदिरा नेपाल भित्रिने गरेको थियो। यसको विरोध बढ्दै गएपछि हिल्सामा कार्यरत सशस्त्र प्रहरी र नेपाल प्रहरीले संयुक्त रूपमा चिनियाँ पक्षसँग मदिरा रोक्न औपचारिक अनुरोध गरेका थिए। उक्त अनुरोधलाई स्वीकार गर्दै चिनियाँ सुरक्षाकर्मीले ताक्लाकोटबाट मदिरा नपठाउने निर्णय गरेपछि हाल हिल्सा नाकाबाट मदिरा भित्रिन पूर्ण रूपमा बन्द भएको सुरक्षा निकायले जनाएको छ।

यस अघि भने चिनियाँ पक्षबाट मदिरा सहज रूपमा नेपाल पठाइने गरेको बताइएको छ। स्थानीय वासीका अनुसार मदिरा भित्रिन रोकिएसँगै हिल्सा क्षेत्रमा हुने विवाद तथा झैझगडामा समेत कमी आएको छ। स्थानीयको दाबीअनुसार विगतमा वार्षिक करिब २० करोड रुपैयाँ बराबरको चिनियाँ मदिरा अवैध रूपमा नेपाल भित्रिने गरेको थियो।

यसअघि केही सुरक्षाकर्मीको मिलेमतोमा मदिरा नेपाल ल्याइने गरेको आरोप समेत लाग्दै आएको थियो। सुराकीका आधारमा प्रहरीले बेला-बेला मदिरा बरामद गर्ने गरेको जानकारी पनि दिइएको छ।

पुल निर्माणमा ढिलाइ, यातायात प्रभावित

❐ काँक्रेविहार संवाददाता
बाजुरा, २७ वैशाख

मार्तडी-कोल्टी सडकखण्ड अन्तर्गत पर्ने बाउली खोलामा पक्की पुल निर्माण कार्य लामो समयदेखि अधुरै रहँदा स्थानीयवासीले सास्ती खेप्नुपरेको छ।

झोलुङ्गे पुलबाट पैदल आवतजावत सम्भव भए पनि सवारी साधन सञ्चालनका लागि पक्की पुल नबन्दा वर्षायाममा मार्तडीदेखि कोल्टीसम्मको यातायात सेवा प्रभावित हुँदै आएको छ। पुल निर्माणका लागि २०७८ कात्तिक १५ गते धनगढीस्थित टीडीआर-जुगलकौशिक जेभी सँग पाँच करोड ५८ लाख ८८ हजार २७० रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो। सम्झौता अनुसार २०७८ फागुन १५ गतेभित्र निर्माण सम्पन्न हुनुपर्ने भए पनि हालसम्म एउटा पिल्लर मात्र निर्माण भएको छ।

निर्माणमा ढिलाइ भएपछि सडक डिभिजन कार्यालय अछाम ले २०८२ फागुन ३० गतेसम्मका लागि म्याद थप गरेको जनाएको छ।

बस चालक पदम रोकायाले पुल नहुँदा वर्षायाममा कोल्टीसम्म बस सञ्चालन गर्न निकै कठिन हुने बताए। उनका अनुसार मार्तडी-कोल्टी सडकको मुख्य समस्या नै बाउली खोलाको पुल निर्माण नहुनु हो।

निर्माण कम्पनीका सञ्चालक नरेश ओझाले हाल पिल्लर र वाल निर्माणको काम भइरहेको जानकारी दिँदै आगामी वर्षभित्र पुल निर्माण सम्पन्न गर्ने दाबी गरे। उनका अनुसार आउँदो हिउँदमा स्ल्याब हालेर काम अन्तिम चरणमा पुऱ्याइनेछ।

सडक डिभिजन कार्यालय अछामका इन्जिनियर सुभाष साहले ठेक्का सम्झौता भएको लामो समय बितिसक्दा पनि काम सन्तोषजनक रूपमा अघि नबढेको बताए। उनका अनुसार निर्माण कम्पनीले हालसम्म करिब ९० लाख ५६ हजार रुपैयाँभन्दा बढी भुक्तानी लिइसकेको छ।

इन्जिनियर साहले निर्माण कम्पनीलाई पटक-पटक काम तीव्र बनाउन निर्देशन दिइएको भए पनि अपेक्षित प्रगति नभएकाले अब थप निर्णयको तयारी भइरहेको जानकारी दिए।

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (**Air Ems**) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

हुलाक निर्देशनालय, सुर्खेत

सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५

वन डढेलो लाग्ने कार्य नगर्न र गर्न नदिन उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको अनुरोध

सुख्खायाम शुरू भएसँगै यस प्रदेशका विभिन्न जिल्लाहरूमा वन डढेलोका घटनाहरू वृद्धि भईरहेको र वन डढेलो लगाउनु प्रचलित कानून बमोजिम दण्डनीय कार्य भएकोले वन डढेलो लाग्ने कुनै पनि कार्य नगर्न र कोही कसैलाई गर्न नदिनको लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले यो सूचना जारी गरेको छ। साथै वन डढेलोका घटनाहरू देखेमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय तथा सुरक्षा निकायहरूलाई तत्काल जानकारी गराउनु हुनको लागि समेत अनुरोध छ। वन डढेलो नियन्त्रणको लागि सबै डिभिजन वन कार्यालयमा वन डढेलो फोकल टिम निर्माण गरी तैयारी अवस्थामा राख्नको लागि समेत सबै सब-डिभिजन वन कार्यालयहरूलाई यो सन्देश जारी गरिएको छ।

कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

आयुर्वेद चिकित्सा सेवा जडिबुटी एवं आयुर्वेद औषधि प्रयोग सम्बन्धि महत्त्वपूर्ण सूचना

- आयुर्वेद औषधि सेवन गर्नु पूर्व अनिवार्य रुपमा नजिकको आयुर्वेद स्वास्थ्य संस्थामा गई आयुर्वेद चिकित्सक वा स्वास्थ्यकर्मीसँग स्वास्थ्य परिक्षण गराउनु पर्छ।
- आयुर्वेद औषधिको **Expiry** मिति हेरेर मात्र प्रयोग गरौं।
- आयुर्वेद औषधिको साइडइफेक्ट हुन्न अथवा ग्यारेन्टी उपचार हुन्छ भन्ने जस्ता भ्रममा नपरौं।
- झोलामा, गाडीमा बोकेर हिड्ने व्यक्तिहरुबाट आयुर्वेद/जडिबुटी जन्य औषधि किनेर प्रयोग नगरौं।
- आयुर्वेद औषधि एवं उपचार पद्धतीको प्रयोगबाट नसर्ने तथा दीर्घ रोगहरुको व्यवस्थापन गर्न सकिन्छ। यसको लागि अनिवार्य रुपमा आयुर्वेद स्वास्थ्य संस्थामा सम्पर्क गरौं र आयुर्वेद चिकित्सक एवं स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा उपचार गरौं।
- आयुर्वेद उपचार एवं परामश लिनु अगाडि नेपाल आयुर्वेद मेडिकल काउन्सिलमा दर्ता भएका आयुर्वेद चिकित्सक/स्वास्थ्यकर्मीबाट नै उपचार गराइरहनु भएको छ भन्ने कुरामा सुनिश्चित हुनुहोस्।

प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र
कर्णाली प्रदेश, नेपाल

कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

यस संस्थालाई एक जना प्रबन्धक (व्यवस्थापक) आवश्यक परेकोल व्यवस्थापक पदका लागि सात (७) दिने सूचना प्रकाशन गरिएको छ।

१. विज्ञापन नं. ०१/०८२/०८३
२. व्यवस्थापकको लागि निवेदन दस्तुर शुल्क रू : ५००।-
(अक्षरूपि पाँच सय मात्र)
३. शैक्षिक योग्यता : व्यवस्थापक पदका लागि शैक्षिक योग्यता न्यूनतम +२ पास वा सो सरह साथै दुई वर्ष सहकारी संस्था वा वित्तिय संस्थाहरूमा दुई (२) वर्ष काम गरेको अनुभव भएको
४. आवेदन दिने अन्तिम मिति : २०८३/०२/०२ सम्म।
५. सेवा सुविधा : आपसी समझदारीमा।

श्री शिव शक्ति बहुउद्देश्यीय सहकारी संस्था लि.
वीरेन्द्रनगर-६, सुर्खेत

सम्पूर्ण छपाईका काम एकै ठाउँमा

लेबल स्टिकर, ब्रोसर पम्प्लेट, क्लेन्डर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रिपोर्ट, म्यागेजिन, पत्रिका

आइडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

GLOBAL OFFSET PRESS
offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८६६५६११४८

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)